# व्यबसायिक फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६


भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, नेपाल
वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

मा.मन्त्रीज्यूबाट मिति
२०७६/०७/२५ गते स्वीकृत

**प्रस्तावना**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषकहरुलाई फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली खेती तर्फ आकर्षित गर्न, उत्पादन बृद्धि गरी आत्मनिर्भर बनाइ निर्यात प्रवर्द्धन गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **व्यावसायिक फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम **"व्यावसायिक फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "अनुदानग्राही" भन्नाले व्यवसायीक रुपमा फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बालीको खेती गर्न गर्न कार्यालयबाट अनुदान लिने कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीलाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले "फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली उत्पादन तथा प्रशोधन व्यवसाय प्रवर्द्धन गर्न सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **अनुदान प्रवाह गर्ने निकाय** : अनुदान प्रवाह गर्ने निकाय मन्त्रालय अन्तर्गतका कार्यालयहरु रहनेछन् ।

४. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान** :सूचना प्रकाशन तथा प्रस्ताव आव्हान देहाय अनुसार हुनेछः-

१. कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई प्रस्ताव नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

आव्हान गर्नु पर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

२. प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित सहकारी/कृषक समूह/निजी फार्म/कृषक उद्यमी ले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. **<u>सेवाग्राही छनौट :</u>** सेवाग्राही छनौट देहाय अनुसार हुनेछः-

**१. प्राथमिक क्षेत्र तथा बाली**

(क) सम्भाव्य पकेट क्षेत्रलाई प्राथमिकता

कार्यक्रम सञ्चालन गर्दा साविक जिल्ला कृषि विकास कार्यालयले विभिन्न मापदण्डहरुलाई आधार मानी छनौट गरिएका पकेट क्षेत्रहरु तथा हालको अवस्थामा कृषि बिकास कार्यालयहरुले छनौट तथा प्राथमिकीकरण गर्ने सम्भाव्य फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली बालीहरुको पकेट क्षेत्रलाई प्राथमिकता दिई व्यावायीक फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछन् । यसले साना किसान तथा अन्य सम्भाव्य क्षेत्रहरुमा पोषण सुरक्षा वा व्यावसायीक दृष्टिले गर्न खोजिने फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली खेतीलाई बाधा पुर्याउने भने छैन ।

(ख) व्यावसायीक महत्व बोकेका फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली बालीहरुलाई प्राथमिकता

कार्यक्रम सञ्चालन गर्ने प्रत्येक कार्यालयले आफ्नो जिल्लाको प्राथमिक ३ बालीहरु छनौट गर्नुपर्नेछ । यस कार्यक्रममा व्यावसायीक महत्व बोकेका तीं प्राथमिक ३ बालीलाई विशेष महत्व दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यसले पोषण सुरक्षाका लागि अन्य फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली बालीहरु प्रवर्द्धन गर्न भने बाधा पुर्याउने छैन ।

**२. प्रस्ताव तथा माग सङ्कलन**

क) **फलफुल प्रबर्धन तर्फः** फलफुल प्रबर्धन तर्फ कर्णाली प्रदेशका सबै जिल्लाहरूमा तपशिल बमोजिमका कार्यक्रम तथा प्रक्रिया अप्नाइ प्रस्ताव माग गर्न सकिनेछ ।

| क्र.सं. | कार्यक्रम | प्रकृया |
|---|---|---|
| १ | हिमाली पाँच जिल्लाहरुमा स्याउ, ओखर लगायत अन्य फलफूल प्रवर्द्धन कार्यक्रम | शर्तहरु उल्लेख गरी सम्भव भए सम्म सिजन भन्दा कम्तीमा २ महिना अगाडी सबैको पहुँच हुने गरी स्थानीय आम सञ्चार माध्यमबाट सूचना जारी गर्ने । |
| २ | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा सुन्तलाजात, आँप, लिची, केरा, किवि लगायत अन्य फलफूल | शर्तहरु उल्लेख गरी सम्भव भए सम्म सिजन भन्दा कम्तीमा २ महिना अगाडी सबैको पहुँच हुने गरी स्थानीय आम सञ्चार माध्यमबाट सूचना गर्ने । |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

| | | |
|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम | |
| ३ | माग र सम्भाव्यताको आधारमा आवश्यक फलफूल विरुवा सहुलियत दरमा वितरण कार्यक्रम | • शर्तहरु उल्लेख गरी सम्भव भए सम्म सिजन भन्दा कम्तीमा २ महिना अगाडी सबैको पहुँच हुने गरी आम सञ्चार माध्यमबाट सूचना गर्ने ।<br>• कार्यालयमा सम्पर्क गरी विभिन्न प्रयोजनका लागि सिजन अगावै माग गर्ने कृषकलाई पनि बजेटको परिधि भित्र रही उपलब्ध गराउन सकिने ।<br>• लक्षित वर्गलाई प्राथमिकता दिनु पर्ने ।<br>• प्राथमिक ३ फलफुल बाहेक अन्य फलफूल बालीमा पनि जान सकिने । |

**ख) खाद्यान्न बाली प्रबर्धन तर्फः**

कर्णाली प्रदेशका दश बटै जिल्लाहरूमा खाद्यान्न बालीहरूको प्रबर्धन गर्नका लागि तपशिल बमोजिमका बाली, क्षेत्रफल तथा प्रक्रिया अप्नाइ कार्यक्रम संचालन गर्न सकिनेछ ।

| सिन | जिल्लाहरू | बाली (प्राथमिकिकरण अनुसार ) | क्षेत्रफल | मापदण्ड तथा प्रस्ताव आब्हान प्रक्रिया |
|---|---|---|---|---|
| १ | हिमाली पाँच जिल्लाहरु ( हुम्ला, डोल्पा मुगु कालीकोट जुम्ला) | गहुँ ,मकै, धान | कम्तिमा ५ रोपनी क्षेत्रफल | उन्नत जात र प्रबिधि अप्नाइ खेति गर्ने प्रस्ताव प्राप्त भएमा अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ |
| २ | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा | धान, गहुँ र मकै | कम्तिमा १० रोपनी क्षेत्रफल | उन्नत जात र प्रबिधि अप्नाइ खेति गर्ने प्रस्ताव प्राप्त भएमा अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ |

**ग) दलहन, तेलहन बालीहरू तर्फः** कर्णाली प्रदेशका दशै जिल्लाहरूमा तपशिल बमोजिमका दलहन र तेलहन बालीहरूमा खेति गर्ने प्रस्ताव आएमा कार्यक्रम संचालन गर्न सकिनेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| सिन | जिल्लाहरू | बाली (प्राथमिकिकरण अनुसार ) | क्षेत्रफल | मापदण्ड तथा प्रस्ताव आब्हान प्रक्रिया |
|---|---|---|---|---|
| १ | हिमाली पाँच जिल्लाहरु ( हुम्ला, डोल्पा मुगु कालीकोट जुम्ला) | सिमि, सूर्यमुखी, तोरी, ढटेलो लगायतका अन्य दलहन र तेलहन बाली ( स्थानिय रैथानी बाली समेत) | कम्तिमा ३ रोपनी क्षेत्रफल | उन्नत जात र प्रबिधि अप्नाइ खेति गर्ने प्रस्ताव प्राप्त भएमा अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ |
| २ | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा | बोडी, सिमि, मास मसुरो, लगायतका अन्य दलहन बाली र तोरी, भटमास लगायतका अन्य तेलहन बालीहरू ( स्थानिय रैथानी बाली समेत) | कम्तिमा ५ रोपनी क्षेत्रफल | उन्नत जात र प्रबिधि अप्नाइ खेति गर्ने प्रस्ताव प्राप्त भएमा अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ |

घ) **तरकारी बालीहरूः** कर्णाली प्रदेशका दशै जिल्लाहरूमा तपशिल बमोजिमका तरकारी बालीहरूमा खेति गर्ने प्रस्ताव आएमा कार्यक्रम संचालन गर्ने सकिनेछ ।

| सिन | जिल्लाहरू | बाली (प्राथमिकिकरण अनुसार ) | क्षेत्रफल | मापदण्ड तथा प्रस्ताव आब्हान प्रक्रिया |
|---|---|---|---|---|
| १ | हिमाली पाँच जिल्लाहरु ( हुम्ला, डोल्पा मुगु कालीकोट जुम्ला) | मौसमी तथा बेमौसमी तरकारी खेति बालीहरू (आलु, बन्दा-काउली समुहका तरकारी बालीहरू , टमाटर, लहरे बाली लगायत अन्य रैथाने तरकारी बालीहरू जस्तै चोतो) | कम्तिमा ३ रोपनी क्षेत्रफल | उन्नत जात र प्रबिधि अप्नाइ खेति गर्ने प्रस्ताव प्राप्त भएमा अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ |
| २ | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा | मौसमी तथा बेमौसमी तरकारी खेति बालीहरू (आलु, बन्दा-काउली | कम्तिमा ५ रोपनी क्षेत्रफल | उन्नत जात र प्रबिधि अप्नाइ खेति गर्ने प्रस्ताव प्राप्त भएमा अनुसूची-२ |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | समुहका तरकारी बालीहरू , टमाटर, लहरे बाली लगायत अन्य रैथाने तरकारी बालीहरू जस्तै बरेला) | | अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ |

**पुनश्चः** माथि उल्लेखित बालीहरू बाहेक अन्य फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बालीहरूको व्यबासायिक खेति गर्ने प्रस्ताव पेश भएमा मापदण्ड र प्राबिधिक सम्भाव्यताका आधारमा प्रस्ताव स्वीकृत गर्नलाइ बाधा पुग्नेछैन ।

६. **प्रस्ताव मूल्याङ्कन तथा छनौट**: व्यावसायीक फलफूल प्रवर्द्धन कार्यक्रममा परेका प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट देहाय बमोजिम हुनेछ :-

**क) फलफुल खेति तर्फ प्रस्तावको मूल्यांकन तथा छनौटको आधार देहाय बमोजिम हुनेछ ।**

| क्र.सं. | कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| १ | हिमाली पाँच जिल्लाहरुमा स्याउ, ओखर लगायत अन्य फलफूल प्रवर्द्धन कार्यक्रम | • सम्भाव्य तथा प्राथमिकतामा परेका पकेट क्षेत्रका मागहरु<br>• व्यावसायीक स्तरमा कम्तीमा ५ रोपनीमा खेती गर्ने कृषकहरु । ठूलो क्षेत्रफललाई प्राथमिकता<br>• व्यवस्थित रुपमा फार्म सञ्चालन गर्ने तथा लागत सहभागिता बढी गर्नेलाई प्राथमिकता<br>• मूल्य श्रृङ्ला तथा मूल्य अभिवृद्धि गर्ने प्रकारका मागहरु<br>• खेर गएका सार्वजनिक तथा व्यक्तिगत जमिनहरुमा ठूलो स्तरमा सामूहिक वा करारमा खेती गर्ने<br>• हैसियत विग्रेका वनमा डिभिजन वन कार्यालय सँग समन्वय गरी सामूहिक वा व्यक्तिगत रुपमा खेती गर्ने समूह सहकारीहरु |
| २ | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा सुन्तलाजात, आँप, लिची, केरा, किवि लगायत अन्य फलफूल प्रवर्द्धन कार्यक्रम | • सम्भाव्य तथा प्राथमिकतामा परेका पकेट क्षेत्रका मागहरु<br>• व्यावसायीक स्तरमा कम्तीमा ५ रोपनीमा खेती गर्ने कृषकहरु । ठूलो क्षेत्रफललाई प्राथमिकता<br>• व्यवस्थित रुपमा फार्म सञ्चालन गर्ने तथा लागत सहभागित बढी गर्नेलाई प्राथमिकता |

कृषि प्रसार अधिकृत
हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद
मा. विमला के.सी.
मन्त्री

| | | |
|---|---|---|
| | | • मूल्य श्रृङ्ला तथा मूल्य अभिवृद्धि गर्ने प्रकारका मागहरु<br>• खेर गएका सार्वजनिक तथा व्यक्तिगत जमिनहरुमा ठूलो स्तरमा सामूहिक वा करारमा खेती गर्ने<br>• हैसियत विग्रेका वनमा डिभिजन वन कार्यालय सँग समन्वय गरी सामूहिक वा व्यक्तिगत रुपमा खेती गर्ने समूह सहकारीहरु |
| ३ | माग र सम्भाव्यताको आधारमा आवश्यक फलफूल विरुवा सहुलियत दरमा वितरण कार्यक्रम | • सम्भाव्य तथा प्राथमिकतामा परेका पकेट क्षेत्रका मागहरु<br>• व्यावसायीक स्तरमा कम्तीमा ५ रोपनीमा खेती गर्ने कृषकहरु । ठूलो क्षेत्रफललाई प्राथमिकता<br>• नवीन बालीहरुको व्यावसायीक खेती<br>• पोषण सुरक्षाका लागि थोरै खेती गर्नेलाई पनि उपलब्ध गराउनु पर्ने<br>• एक घर एक फलफूल विरुवा, एक कर्मचारी एक फलफूल विरुवा जस्ता अभियानमूलक तथा लक्षित वर्ग विशेष मागलाई प्राथमिकता दिनु पर्ने । |

**नोटः** बजेटको सीमाभन्दा बढी माग आएमा उपर्यूक्त तथा स्थानीय आवश्यकता अनुसार थप मापदण्ड बनाई छनौट गर्नु पर्ने ।

ख) **तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन बाली:** तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन बाली: खेति तर्फ प्राप्त प्रस्तावको मूल्यांकन तथा छनौटको आधार परिच्छेद २ को दफा ५ को उप दफा २ ख, ग, र घ, बमोजिम हुनेछ ।साथै यसका अलावा छनोट समिति ले जिल्लाको प्राबिधिक सम्भाव्यताका साथै अन्य आधार तथा मापदण्ड समेत तय गरी मूल्यांकन तथा छनौट गर्न बाधा पुग्नेछैन ।

ग) **प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति**: प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछः-

क. विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, - संयोजक
ख. सम्बन्धित कार्यालयका आर्थिक शाखा प्रमुख, - सदस्य
ग. सम्बन्धित कार्यालयका योजना शाखाका प्रमुख वा अन्य कर्मचारी -सदस्य-सचिव

कृषि प्रसार अधिकृत    हरिप्रसाद पण्डित वरिष्ठ कृषि अर्थविद    मा. विमला के.सी. मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१. मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख) आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

२. कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

३. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

४. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

**घ) <u>सम्झौता र भुक्तानी</u> :**

१. **<u>सम्झौता</u>**:- व्यावसायीक रुपमा फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन बाली खेति कृषक चाहने गर्नसँग कार्यालयले अनुसूची -४ अनुसारको सम्झौता गर्नेछ ।

२. **<u>भुक्तानी</u>** : भुक्तानी देहाय अनुसार हुनेछ :-

१. सूचिकृत नर्सरीहरुबाट विरुवा खरिद व्यवस्थापन कार्यालयले गर्नेछ ( फलफुल खेतिको हकमा) ।

२. कृयाकलापहरुमा प्रकृति हेरी व्यावसायीक कृषकलाई कामको प्रकृति तथा कार्य सम्पन्नताको आधारमा अनुदानग्राहीलाई बढीमा ३ किस्तामा अनुदान रकम भुक्तानी गरिनेछ ।

क. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

ख. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फर्छ्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

ग. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

घ. भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरुमा स्पष्ट देखिएको हुनु पर्नेछ ।

ङ. भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

च. अनुदानग्राहीले रनिङ्ग बील तथा तोकिएको कार्य सम्पादन गरी कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) **<u>अनुदान रकम र अनुदान प्रतिशत</u>**: व्यावसायिक फलफूल, खाद्दान्न, तरकारी, दलहन तथा तेलहन बाली प्रवर्द्धन कार्यक्रममा स्वीकृत कार्यक्रमको कुल बजेट मध्य ५० प्रतिशत फलफुल खेतिमा र बाँकी ५० प्रतिशत जिल्लाको सम्भाव्यता, आवश्यकता र व्यबसायीको माग बमोजिम कार्यालय बाँडफाड गरि सोही अनुसार प्रस्ताव छनोट गर्न सक्नेछ । फलफुल तर्फ छुटाइने ५० प्रतिशत बजेटमा भने तपशिल बमोजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ ।

### १) फलफुल खेति तर्फः

| क्र.सं. | कार्यक्रम | विरुवाको मूल्यमा अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | **हिमाली पाँच जिल्लाहरुमा स्याउ र ओखर प्रवर्द्धन कार्यक्रम** | | |
| १.१ | १० रोपनी भन्दा ठूलो बगैंचा | ८० | कर्णाली प्रदेशका हिमाली ५ जिल्लाहरु जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोटका लागि मात्र |
| १.२ | ५ रोपनी देखी १० रोपनी सम्म | ७५ | |
| १.३ | ५ रोपनी भन्दा कम | ७० | |
| १.४ | दुई वा दुई भन्दा बढि परिवारले जमिन एकिकृत गरी एकै चक्लामा १० रोपनी वा बढी जमीनमा बगैंचा स्थापना गरेमा | प्रतिबोट २ रुपैंया लिई वितरण गर्ने | |
| १.५ | सदुपयोगमा नआएका सार्वजनिक जमिन तथा हैसियत विग्रेका वन क्षेत्रमा (अनुमति लिई) वा व्यक्तिगत जमिन करारमा लिई खेती गर्ने कृषक, समूह, सहकारी, उद्यमी | प्रतिबोट २ रुपैंया लिई वितरण गर्ने | |
| १.६ | विरुवाको पोषक तत्व सहितको सिंचाई | लागत अनुमानको | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | |
|---|---|---|---|
| | प्रणाली (Fertigation) जडित नमूना बगैंचा प्रति जिल्ला २ नमूना बगैंचा (३ देखि ५ रोपनी क्षेत्रफलको एक बगैचा) | बढीमा ७५ प्रतिशत | |
| 1.7 | साना सिँचाई पाईप/पोखरी/कुलो निर्माण तथा मर्मत | लागत अनुमानको बढीमा ७५ प्रतिशत | |
| 1.8 | बगैचा बारबन्देज | लागत अनुमानको बढीमा ७० प्रतिशत | |
| १.9 | मूल्य श्रृङ्ला तथा मूल्य अभिवृद्धि गर्ने प्रकारका मागहरु | लागत अनुमानको बढीमा ७० प्रतिशत | |
| **२** | **सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा सुन्तलाजात आँप लिची केरा लगायत फलफूल प्रवर्द्धन कार्यक्रम** | | |
| २.१ | १० रोपनी भन्दा ठूलो बगैंचा | ७५ | |
| २.२ | ५ रोपनी देखी १० रोपनी सम्म | ७0 | |
| २.३ | ५ रोपनी भन्दा कम | ६५ | |
| २.४ | दुई वा दुई भन्दा बढि परिवारले जमिन एकिकृत गरी एकै चक्लामा १० रोपनी वा सो भन्दा बढी जमीनमा बगैंचा स्थापना गरेमा | ८० | |
| २.५ | सदुपयोगमा नआएका सार्वजनिक जमिन तथा हैसियत विग्रेका वन क्षेत्रमा (अनुमति लिई) वा व्यक्तिगत जमिन करारमा लिई खेती गर्ने कृषक, समूह, सहकारी, उद्यमी | ८० | |
| २.६ | विरुवाको पोषक तत्व सहितको सिंचाई प्रणाली (Fertigation) जडित नमूना बगैंचा प्रति जिल्ला २ प्रति नमूना बगैंचा ३ देखि ५ रोपनी | लागत अनुमानको बढीमा ७५ प्रतिशत | |
| २.७ | मूल्य श्रृङ्ला तथा मूल्य अभिवृद्धि गर्ने प्रकारका मागहरु | लागत अनुमानको बढीमा ७० प्रतिशत | |
| 2.8 | साना सिँचाई पाईप/पोखरी/कुलो निर्माण तथा मर्मत | लागत अनुमानको बढीमा ७५ प्रतिशत | |
| 2.9 | बगैचा बारबन्देज | लागत अनुमानको बढीमा ७० प्रतिशत | |
| **३** | **माग र सम्भाव्यताको आधारमा आवश्यक फलफूल विरुवा सहुलियत दरमा वितरण कार्यक्रम** | | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | |
|---|---|---|---|
| ३.१ | १० रोपनी भन्दा ठूलो बगैंचा | ७५ | • कर्णाली प्रदेशका सबै जिल्लाहरुको लागि<br>• हिमाली ५ जिल्लाहरुमा स्याउ र ओखरका लागि यसै तालिकाको क्र.सं. १ मा उल्लेख भए अनुसारको अनुदान उपलब्ध गराईनेछ । |
| ३.२ | ५ रोपनी देखी १० रोपनी सम्म | ७० | |
| ३.३ | ५ रोपनी भन्दा कम | ६५ | |
| ३.४ | १ भन्दा बढी परिवारले जमिन एकिकृत गरी एकै चक्लामा १० रोपनी वा बढी जमीनमा बगैंचा स्थापना गरेमा | ८० | |
| ३.५ | सदुपयोगमा नआएका सार्वजनिक जमिन तथा हैसियत विग्रेका वन क्षेत्रमा (अनुमति लिई) वा व्यक्तिगत जमिन करारमा लिई खेती गर्ने कृषक, समूह, सहकारी, उद्यमी | ८० | |
| ३.६ | कार्यालय हाता भित्र तथा सरकारी सार्वजनिक जमिनमा फलफूल विरुवा रोपण | बजेटको परिधि भित्र रही शत प्रतिशत अनुदान | |
| ३.७ | निश्चित लक्षित पकेटमा १ परिवार १ फलफूल बोट अभियान (सबै परिवारको रोपण तथा व्यवस्थापनको प्रतिवद्धता सहित) | शत प्रतिशत अनुदान | |
| 3.8 | साना सिँचाई पाईप/पोखरी/कुलो निर्माण तथा मर्मत | लागत अनुमानको बढीमा ७५ प्रतिशत | |
| 3.9 | बगैचा बारबन्देज | लागत अनुमानको बढीमा ७० प्रतिशत | |
| ४ | ढुवानी | शत प्रतिशत अनुदान (स्थानीय दररेट अनुसार) | |
| ५ | मोर्टालिटि अनुदान | अनुसूची -५ मा उल्लेख भए अनुसार | |
| ६ | प्याकिङ्ग चार्ज अनुदान | अनुसूची -५ मा उल्लेख भए अनुसार | |

नोटः १) माथि उल्लेखित क्रियाकलापहरुको (क्रमश १ देखि ३.९ सम्मका क्रियाकलापहरुको) लागि आवेदकले आवश्यकता अनुसार माग गर्न सक्नेछ । साथै अनुदान रकमको क्रियाकलाप नदोहोरिने गरी अर्को आर्थिक वर्षमा पनि प्रस्ताव पेश गर्न सक्नेछ ।

२) बजेटको उपलब्धताको आधारमा ५ रोपनी भन्दा बढीमा फलफूल बगैंचा स्थापना गरी अर्को वर्ष कम्तीमा ७५ प्रतिशत विरुवा हुर्काउने बगैंचा धनीलाई प्रति विरुवा निश्चित रकम व्यवस्थापन खर्चका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ ।

३) विरुवाको मूल्यमा अनुदानको हकमा विदेशबाट आयातित विरुवालाई समेटिएको छैन ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**२) खाद्यान्न तरकारी दलहन तथा तेलहन बाली तर्फः**

खाद्यान्न, तरकारी, दलहन तथा तेलहन बाली तर्फ प्रस्ताबित योजनाको कुल लागतको ७० प्रतिशत समुह/सहकारी र ५० प्रतिशत निजी फार्म/कृषि व्यबसायिहरुलाइ अनुदान रकम प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

च) **अनुगमन मूल्याङ्कनः** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

छ) **पुरस्कार तथा कार्वाहीको व्यवस्थाः-** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछः-

१. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

३. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

**द्रष्टव्यः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

ज) **बाधा अड्काउ फुकाउनेः-**

१. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**अनुसूची- १**

**दफा ४ को उप-दफा १ सँग सम्बन्धित**

## व्यावसायीक फलफूल तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना

यस......................................................................................को आर्थिक वर्ष............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यावसायीक फलफूल तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन प्रवर्द्धन कार्यक्रम मध्ये कुनै एक बाली वा व्यबसाय गर्न चाहने कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषक आदि लाइ अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............ दिन भित्र ..................कार्यालयमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि ................................मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि व्यावसायीक फलफूल तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन प्रवर्द्धन कार्यक्रम गर्न सहकारीको हकमा सञ्चालक समितिको र अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि
३. व्यावसायीक फलफूल तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन प्रवर्द्धन कार्यक्रम गर्ने अनुसूची अनुसारको प्रस्तावना
४. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
५. सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
६. सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
८. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ( उपलब्ध भएमा छनोट प्रकिरयामा प्राथमिकता हुने )
९. प्रतिवद्धता पत्र
१०. अन्य आवश्यक कागजातहरु

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची -२

**दफा ४ को उप-दफा २ सँग सम्बन्धित**

व्यावसायीक फलफूल तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि निवेदनको ढाँचा

मिति

विषयः .......................... सञ्चालनका लागि अनुदान रकम उपलव्ध गरि पाउ ।

श्रीमान् .......................... ज्यु

....................

महोदय,

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरु/व्यक्ती वाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने .......................... नामक कृषि कम्पनी/कृषि फार्म/कृषि सहकारी/कृषक समुह/कृषि उद्यमीले व्यावसायीक फलफूल तरकारी, खाद्यान्न ,दलहन तथा तेलहन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु. १० को टिकट टास गरि अनुसूचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौ/छु ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

अनुसूची-३

दफा ४ को उप-दफा २ सँग सम्बन्धित

प्रस्ताव फाराम

खण्ड १: प्रस्तावित परियोजनाको सारांश

| | |
|---|---|
| परियोजनाको नाम : | व्यबसायिक फलफुल/तरकारी/खाद्यान्न्/दलहन तथा तेलहन बाली ( कुनै एक बालीमा प्रस्ताव पेश गर्नुपर्ने । |
| प्रस्तावित कार्यः | |
| आवेदकको नाम : | |
| ठेगाना : | |
| आधिकारिक व्यक्तिको नाम र ठेगाना : | |
| टेलिफोन नं : | |
| व्यवसाय दर्ता बर्ष : | |
| मु. अ. कर/स्थायी ले. नं. र दर्ता वर्ष : | |
| बैंक खाता विवरण : | बैंकको नाम :<br>ठेगाना :खाता नं. :<br>खाता संचालकहरुको नाम : |
| आवेदकको परिचय तथा अनुभवः | अनुभव र योग्यता सम्बन्धी यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सारसंक्षेप क्षेत्रफल सहित | व्यवसायको किसिम : खाद्यान्न्/तरकारी/फलफूल/ दलहन/ तेलहन बाली आदि (फलफुल तथा तेलहन बालीमा मौरी घारलाइ पनि समावेश गर्न सकिने)<br>हालको क्षेत्रफल र उत्पादनः<br>खेती गरिएको वा गरिने क्षेत्रफलः |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| स्वलगानीको प्रतिशत | |
| परियोजना संचालन स्थल : | जिल्ला : |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

| | |
|---|---|
| | ......................न.पा./गा.पा.<br>वार्ड नं: :<br>स्थान :<br>मोहडा:<br>समुद्र सतहदेखि उचाई:................मि |
| वर्तमान क्रियाकलापहरु | अवस्था..... हाल गरिरहेको कृयाकलापहरु तथा सो व्यवसायको फैलावटका...... |
| हाल भएको प्रस्तावसंग सम्बन्धित पूर्वाधार तथा सम्पति | यसमा तरकारी खेती व्यवसाय गर्ने भए प्लाष्टिक घरको संख्या/फलफुल खेतिमा मौरी पालन भए घार संख्या जस्ता खुलाउने |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्य | आयआर्जन बृद्धि गर्ने, व्यवसायिक खेती बृद्धि, रोजगारी बृद्धि गर्ने जस्ता क्रियाकलापहरु खुलाउने |
| प्रस्तावित परियोजनाको मुख्य क्रियाकलाप | उद्येश्य प्राप्तिका लागि के-कस्ता काम गरिन्छ सो खुलाउने |

खण्ड २ व्यवसायको विवरण

| **२.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्ट्याई** |
|---|
| प्रस्तावित परियोजनाले प्रस्तावक तथा समुदायमा हुने फाईदा तथा उपलब्धि उल्लेख गर्ने । |

| **२.२ समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु** | |
|---|---|
| समस्याहरु | अवसरहरु |
| १.<br>२.<br>३. | |
| **२.३ प्रस्तावित क्रियाकलापहरु**<br>क्रियाकलापहरुको संक्षिप्त विवरण (के, कसरी, कस्ले, कहाँ गर्ने) । | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला क.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

जस्तै:

क्रियाकलाप १ नया फलफूल वगैचा स्थापना

क्रियाकलाप २ फलफूल विरुवा रोपण

क्रियाकलाप ३ साना सिँचाई निर्माण तथा मर्मत सम्भार

क्रियाकलाप ४ पोष्ट हार्भेष्ट औजार खरिद

क्रियाकलाप ५.......

क्रियाकलाप ६.........

अन्य.....

**२.४ नतिजा र प्रतिफल**

| प्रतिफल सूचकहरु | परियोजनाको लक्ष्य |
|---|---|
| ओगट्ने क्षेत्रफल | ..................................रोपनी |
| उत्पादन क्षमता (५ वर्षको उल्लेख गर्ने) | ................संख्या, ...........टन |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य-मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने **(आवश्यकता अनुसार थप पानामा उल्लेख गर्ने)** |
| विक्रि परिमाण बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......टन/वार्षिक |
| आम्दानी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | रु. ......./वार्षिक |
| रोजगारी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

**३.** पहिले अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको नगरेको । गरेको भए उल्लेख गर्ने ।

४. प्रस्तावित परियोजनाका लागि अन्य कुनै निकायसंग साझेदारी गरे नगरेको । गरेको भए खुलाउने ।

**५. कार्यतालिका**

| क्रियाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## प्रतिबद्धता पत्र

मिति

..........................................................................मन्त्रालय/निर्देशनालय/केन्द्रको ...........................को सूचना अनुसार ......................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यवसायिक योजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । व्यवसायिक योजना अुनसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्दगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बाँया |
| --- | --- |

छापः

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-४

दफा ८ को उप-दफा १ सँग सम्बन्धित

## सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र..............कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................. समुह/सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/कृषि फार्म/उद्यमी कृषक ...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

1. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७६ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।
2. यस सम्झौता बमोजिमको व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
3. प्रथम पक्षले दोस्रो पक्षलाई प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ :-
   १.सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
   २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फर्छ्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
   ३.सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।
4. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनेछ ।
5. .दोस्रो पक्षले सम्झौता बमोजिमको व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
6. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।
7. व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा दोस्रो पक्षले पूर्वाधार निर्माण तथा मर्मत सम्भार औजार मेशिनरी खरीद तथा जडान आदिको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।
8. दोस्रो पक्षले व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।
9. सम्झौता बमोजिमको व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

10. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।
11. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
12. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।
13. सम्झौता बमोजिमको व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को सञ्चालन सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।
14. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।
15. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
16. वगैचा व्यवस्थित रुपमा सञ्चालन गर्ने धनीलाई प्रोत्साहन र दुरुपयोग गर्ने कृषकलाई दुरुत्साहन (जस्तैः विशेष परिस्थिति बाहेकको अवस्थामा अर्को वर्ष ५० प्रतिशत भन्दा कम विरुवा बचाउनेलाई आगामी अन्य कृषि कार्यक्रमहरुबाट बञ्चितिकरण) शर्तहरु समेत राख्न सकिने छ ।

**पहिलो पक्ष**

दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालयको छाप :-

**दोस्रो पक्ष**

दस्तखत :-
नाम :-
पद :-
मिति :-
संस्थाको छाप :-

रोवर

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूचि- ५

दफा ९ को उप-दफा ५ र ६ सँग सम्बन्धित

**प्याकिङ्ग चार्ज तथा मोर्टालिटि अनुदान**

**१) बिरुवा प्याकेजिंग चार्जः**

फलफूलको बोट बिरुवाहरु श्रोत केन्द्रबाट लगी कृषकहरुलाई वितरण गर्ने गरी ढुवानी गर्न उचित प्याकेजिंग गर्न लाग्ने आवश्यक चार्जको व्यवस्था मिलाउने ।

आर्थिक मापदण्डः

१. १० प्रतिशत अनुदान प्राप्त फलफुलको कलमी विरुवाहरु ( स्याउ,आलु, आरुवखडा ,चेरी, खुर्पानी ,दातेओखर, कटुस, कागजी, वदाम, नास्पाति ,हलुवावेद ,लप्सी ,पिकानट ,प्लावरीङ ,पिच, मुन्तला, सुन्तला ,जुनार, कागति ,भोगटे, चाक्सी ,विमिरो ,निबुवा, अङगुर (कटिङ), अंजिर (कटिङ), हेजलनट ( कटिङ), जुनार, अनार (कटिङ) लोकाट (ग्राफ्टिङ्ग)
२. १५ प्रतिशत अनुदान प्राप्त फलफुलको बिरुवाहरु (एभोकाडो, लिचि, सपाटो, अम्वा ,अमला, आँप ( अन्यजात), आँप (अम्रपाली मलिका), मैकाडेनीयानट ।
३. ५ प्रतिशत अनुदान प्रात्त फलफुलको कलमी बिरुवाहरु (केरा (सकर्स), भुइँकटर (जरावाल), भूईकटर ( सकर्स), स्ट्रबेरी (रनर), किवी (कटिङ) ।
४. १० प्रतिशत अनुदान प्राप्त फलफुलहरुको विजु विरुवा तथा रुटस्टक विरुवाहरु (दाँते ओखर, पिकानट, कागजी वदाम, कटुस, कफि, लप्सी, सुन्तला, कागति, निवुवा, चाक्सी, काजु, काफल, अलैंची ।
५. १५ प्रतिशत अनुदान प्राप्त फलफुलहरुको विजुविरुवा तथा रुटस्टक विरुवाहरु (रुख कटहर, मेकाडेमियानट, एभोकाडो, अमला, सरिफा ।) ।
६. ५ प्रतिशत अनुदान प्राप्त फलफुलहरुको सायनस्टक विरुवाहरुः सुपारी र मेवा ।
७. २० प्रतिशत अनुदान प्राप्त फलफुलहरुको सायन स्टक विरुवाहरु (स्याउ, नास्पाती, आरुवखडा, ओखर, हलुवावेद, अंगुर, सुन्तला, जुनार, कागती, मुन्तला, आँप, र अन्य फलफुलहरु) ।
८. १० प्रतिशत अनुदान प्राप्त रुटस्टक विरुवाहरु (स्याउ, हाडे ओखर, आरु, मयल, पिकानट, ज्यामीर , ट्राइफोलियट ओरेन्ज) ।

**२) बिरुवा मोर्टालिटि अनुदान** :फलफूलको बोट बिरुवाहरु श्रोत केन्द्रबाट कृषकसम्म पुर्याउँदा मर्न सक्ने हुँदा सो अवस्था हेरी मोर्टालिटि अनुदान दिन सकिने, मरेका फलफूल बिरुवाको सम्बन्धित कार्यालयाको प्रमुख, लेखा/प्रशासन शाखा प्रमुख को रोहवरमा मुचूल्का तयार गरी संख्या यकीन गर्नु पर्नेछ ।

१. नास्पाति, स्याउ, आरु, आरुवखडा, कटुस, लप्सी, अङगुर, खुर्पानी, कागजी, वदाम, हलुवावेद, ओखर ,र अन्य लेकाली फलफुलमा ५ प्रतिशत
२. भूइकटहरमा ५ प्रतिशत
३. रुख कटहर, अम्वा, मेवामा १० प्रतिशत
४. आँप, लिचीमा १५ प्रतिशत
५. अन्य फलफुलमा ५ प्रतिशत

मा. विमला के.सी.
मन्त्री

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद्

कृषि प्रसार अधिकृत